प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

प्रदेश नं. ५

**प्रदेश नं. ५,प्रदेश सवारी तथा यातायात व्यवस्था गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्र**

१) **नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :**

क) **संवैधानिक आवश्यकता :**

नेपालको संविधानको अनुसूची ६ ले व्यवस्था गरेको अधिकारमध्ये यातायात प्रणाली भन्ने उल्लेख भएको र सोही बमोजिम प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को यस मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची २ को सि.नं. ४ बुँदा नं. १० मा प्रदेश स्तरको यातायातसम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन, बुँदा नं. ११ मा प्रदेश भित्रको सवारी तथा नवीकरण, चालक अनुमति र नविकरण,बुँदा नं. १२ मा प्रदेश भित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर, भाडादर र अनुगमन तथा नियमन,बुँदा नं. १३ मा वातावरणमैत्री, अपाङ्गमैत्री, यातायात प्रणालीको प्रवर्द्धन, बुँदा नं. १४ मा प्रदेश तहमा यातायात सुरक्षा, सवारी प्रदूषण नियन्त्रणसम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने कानूनी व्यवस्था गर्न अतिआवश्यक भएको छ ।

ख) **प्रदेश सरकारको नीति तथा कार्यक्रम :**

प्रदेश सरकारको आ.व २०७५/७६ को नीति कार्यक्रमको बुँदा नं.४० मा - प्रादेशिक सडकको मापदण्ड निर्धारण गरी प्रादेशिक यातायात गुरुयोजना निर्माण गरिनेछ । सोही आधारमा सडक सञ्जाल विस्तार गरिनेछ ।

ग) **अन्य कारण :**

२) **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :**

नयाँ ऐन तर्जुमा भए पश्चात देहायका उपलब्धि हासिल हुनेछन् ।

- यातायात प्रणालीको प्रभावकारी नियमन र अनुगमन हुने ।
- सवारी दुर्घटनामा न्यूनीकरण तथा दुर्घटनाको समयमै व्यवस्थापन र क्षतीपूर्ति उपलब्धतामा सहजता हुनेछ ।
- यातायात सञ्चालन, नविकरण, ट्राफिक, यात्रीको जीउ तथा सामानको सुरक्षा, चालक अनुमतिपत्रको व्यवस्थापन भई दिगो र नागरिकको पहुँच भित्रको सुलभ यातायात प्रणालीको विकास हुनेछ ।

३) **प्रस्तावित विषयमा मौजुदा कानून भए :**

संघमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ रहेको छ ।

४) **मौजुदा कानून संसोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सो को कारण :×**

५) **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएका अनुमानीत बार्षिक व्ययभार :**

प्रस्तावित कानून निर्माण भई कार्यान्वयन हुँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्नेछैन ।

६) **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**

हाल संचालनमा भैरहेका संरचनाबाट नै कार्य सम्पन्न हुनेछ ।

७) **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएको:**

प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श सहमति लिनुपर्ने आवश्यकता नभएको ।

८) **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय :**

संक्षिप्त नाम र प्रारम्भ, परिभाषा, सवारीको वर्गीकरण, सवारी दर्ता र नविकरणसम्बन्धी व्यवस्था, चालक अनुमतिपत्रसम्बन्धी व्यवस्था, परिचालक अनुमतिपत्रसम्बन्धी व्यवस्था, यातायात व्यवस्थापन, आवागमन नियन्त्रण, बीमासम्बन्धी व्यवस्था, काम कर्तव्य अधिकार, सजायसम्बन्धी व्यवस्था, विविध र अनुसूचीहरु ।